म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १५८ शनिबार, ५ माघ २०८१ ने. सं. ११४५ पोहेलागा 18 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा व्यवस्थित बस्ती विकासको सम्भावना

हेटौंडा, ४ माघ/ नेपाल जग्गा तथा आवास विकास महासंघको आयोजनामा शुक्रबार हेटौंडामा छलफल तथा अन्तरक्रिया भएको छ । महासंघका अध्यक्ष विष्णुप्रसाद घिमिरेको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुखअतिथि हेटौंडा उपमहानगरउपप्रमुख राजेश बानियाँ रहेका थिए । उपप्रमुख बानियाँले रियलस्टेट व्यवसायीको कामलाई सरकारी निकायले उचित सहजता प्रदान गर्न नसकेको कारण महासंघको स्थापना भएको जानकारी दिए । उनले हेटौंडामा व्यवस्थित बस्ती विकासको प्रबल सम्भावना रहेको कुरामा जोड दिँदै, यसमा हेटौंडा उपमहानगरले सबै प्रकारका सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाए । महासंघका अध्यक्ष घिमिरेले हेटौंडामा सडक विस्तारका विषयमा स्पष्ट र व्यवस्थित सोच आवश्यक रहेको टिप्पणी गर्दै, हेटौंडाको मुख्य बजारका भौतिक संरचना कमजोर रहेको जनाए । उनले हेटौंडालाई व्यवस्थित र समृद्ध सहरको रुपमा विकास गर्ने आफ्नो लक्ष्य रहेको बताए । अन्तर क्रियामा महासंघका वरिष्ठउपाध्यक्ष विदुर धमला र उपाध्यक्ष दीपक कुँवरले घरजग्गा व्यवसायलाई उत्पादनमूलक र पूर्वाधार निर्माण उद्योगको रुपमा अघि बढाउनुपर्ने धारणा राखेका थिए ।

# फास्टट्र्याक ३७ प्रतिशत सम्पन्न, राष्ट्रपति पौडेलद्वारा निरीक्षण

साझाकुरा संवाददाता



हेटौंडा, ४ माघ/ राष्ट्रिपति रामचन्द्र पौडेल निजगढ-काठमाडौं द्रुतमार्गको निरीक्षण गर्न शुक्रबार मकवानपुर आएका छन् । नेपाली सेनाको हेलिकप्टरमार्फत मकवानपुरको बकैया-११ स्थित लेनडाँडा आइपुगेर राष्ट्रपति पौडेलले द्रुतमार्गको निरीक्षण गरेका हुन् ।

उनले तराइलाई काठमाडौं जोड्ने द्रुतमार्गको निरीक्षण गरेका छन् । निर्माणाधीन सुरुङ, पुल र सडकको अवलोकन गर्नुका साथै आयोजना सम्पन्न गर्न भइरहेका प्रयास र प्रयत्नलगायत विषयमा आवश्यक जानकारी लिएको राष्ट्रपतिको कार्यालयले जनाएको छ । निरीक्षणपछि राष्ट्रपति पौडेलले आयोजनालाई तोकिएको समयावधिभित्र पूरागर्न उच्चमनोबलका साथ काम गर्न नेपाली सेनालाई निर्देशन दिएका छन् ।

राष्ट्रियगौरवका आयोजना मध्ये सबैभन्दा प्राथमिकतामा रहेको फास्टट्र्याक आयोजना नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको छ । काठमाडौं, ललितपुर, मकवानपुर हुँदै बाराको निजगढमा पुगेर पूर्व-पश्चिम राजमार्गमा जोडिने द्रुतमार्ग निर्माणपछि मुलुकको विकास र समृद्धिमा ठुलो योगदान पुग्ने अपेक्षा राखिएको छ । काठमाडौं/तराई/मधेश द्रुतमार्ग (फास्टट्र्याक)को भौतिक प्रगति साढे ३७ प्रतिशत पुगेको बताइएको छ । राष्ट्रपति पौडेलले निरीक्षण गर्ने क्रममा निर्माणको जिम्मेवारी पाएको नेपालीले सेनाले आयोजनाको समष्टिगत भौतिक प्रगति ३७.६० प्रतिशत पुगेको जानकारी गराएको हो ।

त्यस्तै, आयोजनाको वित्तीय प्रगति ३९.५६ प्रतिशत रहेको छ । आयोजना निर्माणको क्रममा हालसम्म ७२ अर्ब ४१ करोड रुपैयाँ खर्च भएको सेनाले जानकारी दिएको छ । राष्ट्रपति पौडेलले मकवानपुरको बकैया गाउँपालिकामा निर्माणाधीन लेनडाँडा, धेद्रे र महादेवटार सुरुङमार्गको स्थलगत अवलोकन गरेका थिए । राष्ट्रपति पौडेलले आयोजनालाई तोकिएको समयभित्र सम्पन्न गर्ने गरी काम गर्न निर्देशन दिएका थिए ।

कुल ७१ किलोमिटर लम्बाइको फास्टट्र्याक २०८३ चैत मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य लिइएको छ । आयोजनालाई विभिन्न १३ वटा प्योकजमा छुट्याएर निर्माण भइरहेको छ । प्रस्थानबिन्दु ललितपुरको खोकना र अन्तिम बिन्दु बाराको निजगढ रहेको छ । द्रुतमार्ग पहाडी भू-भागमा २५ मिटर र तराई भू-भागमा २७ मिटर फराकिलो हुनेछ । आयोजना अन्तर्गत ललितपुरमा ९, काठमाडौंमा ४.६, मकवानपुर ४९.७७ र बारामा ७.६ किमि सडक रहनेछ ।

द्रुतमार्गमा १०.९७९ किमि लम्बाइका ७ वटा सुरुङ रहने छ । हालसम्म लेनडाँडाको १६१२ मिटर, धेद्रेको १७२८ मिटरको सुरुङ ब्रेक थ्रु भइसकेको छ । त्यस्तै, ३३५५ मिटर लामो महादेवटार सुरुङको ६५ प्रतिशतभन्दा बढी काम सकिएको छ । त्यस्तै, १ हजार मिटर लामो देवीचौर, ३९० मिटर लामो सिसौटार र २ हजार २५० मिटर लामो चन्द्रामभीर सुरुङको पोर्टल तयारीकार्य भइरहेको बताइएको छ । ५८३ मिटरको मौरीभीर सुरुङको खरिद सम्झौताका लागि मन्त्रिपरिषद्बाट स्वीकृत भएको सेनाले जनाएको छ ।

यो सडकमा विभिन्न स्थानमा कुल १२.८८५ किमि लम्बाइको ८९ वटा पुल निर्माण हुनेछ । तीमध्ये ८५ स्थानमा निर्माण हुने पुलको खरिद सम्झौता सम्पनन भएको छ । ८१ मिटरसम्म अग्ला विभिन्न प्रकृतिका पुलको फाउण्डेसन तथा सबस्ट्रक्चर र सुपर स्ट्रक्चरको काम भइरहेको जनाइएको छ । आयोजनाका लागि कुल १७ हजार ६५१ रोपनी जग्गा अधिग्रहण गनुपर्नेछ । जसमा व्यक्तिगत जग्गा ५ हजार ४८७ रोपनी रहेको छ । हालसम्म ५ हजार २०४ रोपनी व्यक्तिगत जग्गा अधिग्रहणका लागि सूचना प्रकाशित भएकोमा ४ हजार ८१८ रोपनी जग्गा अधिग्रहण सम्पन्न भइसकेको सेनाले जनाएको छ ।

बुदुनेमा दुईवटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक वटा इनटरचेञ्ज र ट्राल प्लाजा निर्माण गरिनेछ । २०६४ मा पहिलोपटक आधादर्जन मन्त्रीले पिक, साबेल चलाएर शीलान्यास गर्दा ७४ करोड रुपैयाँको लागतमा निर्माण सम्पन्न गरिने भनिएको थियो । त्यसपछि दोस्रोपटक शीलान्यास गर्दा १ खर्ब ७५ अर्ब रुपैयाँ लगानीमा सम्पन्न गर्ने भनिए पनि हाल लागत बढेर २ खर्ब १२ अर्ब रुपैयाँ पुगेको जनाइएको छ । चीनका ६ वटा फरक-फरक कम्पनीलाई दिइएको ठेक्कामा नेपाली निर्माण व्यवसायीको समेत सहकार्य छ ।

मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णयानुसार यो आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिइएको हो । आयोजनाको २०७४ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाराको निजगढमा शिलान्यास गरेका थिए । द्रुतमार्ग सम्पन्न भएपछि तराईबाट काठमाडौंसम्मको दूरी १ घण्टामा पुगिने र सामान ढुवानीमा मात्रै हरेक वर्ष ५० अर्बभन्दा बढीको पेट्रोलियमपदार्थ र मोटरपार्टस्को बचत हुने अनुमान गरिएको छ ।

# २३ महत्वपूर्ण निर्णय गर्दै सकियो प्रदेश समन्वय परिषद् बैठक



साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ बागमती प्रदेश समन्वय परिषद्को पाँचौ बैठक शुक्रबार हेटौंडामा सम्पन्न भएको छ । प्रदेशको राजधानी हेटौंडामा बिहीबारबाट सुरु भएको बैठक विभिन्न २३ वटा निर्णय गर्दै सम्पन्न भएको हो ।

बैठकले राष्ट्रिय समन्वय परिषदमा पठाउने ७ र प्रदेशले कार्यान्वयन गर्ने १६ वटा निर्णय गरेको बताइएको छ । बैठकले आईईई, ईआईए पश्चात रुखकटानको निर्णय प्रदेशबाट हुने व्यवस्था गर्न, रज्जुमार्गको स्वामित्व प्रदेशलाई दिनुपर्ने लगायत विषयमा राष्ट्रिय समन्वय परिषदमा सिफारिस गर्ने निर्णय गरेको हो ।

बैठकले विद्युत् विधेयक शीघ्र पारित गर्न, विपद् प्रभावतक्षेत्रको पुन:निर्माणको बजेट उपलब्ध गराउन पनि राष्ट्रिय समन्वय परिषद्मा सिफारिस गर्ने निर्णय गरेको छ । सार्वजनिक खरिद ऐनमा संशोधन गरी पुरातात्विक महत्वका सम्पदाको पुन:निर्माणको लागि विशेष कानुनी व्यवस्था गरिनुपर्ने निर्णय गर्दै सिफारिस गरेको छ ।

६ हजारदेखि ७ हजार मिटरसम्मका हिमाल आरोहण इजाजत तथा रोयल्टीसम्बन्धी अधिकार प्रदेशलाई दिनुपर्ने निर्णय पनि गरेको छ । बैठकले बागमती प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको वैयक्तिक सूचना प्रणालीको दर्ता, व्यवस्थापनका लागि राष्ट्रिय किताबखानाको समन्वयमा सूचना प्रणालीको स्थापना तथा सञ्चालन गर्नेलगायतको निर्णय गरेको जनाइएको छ ।

बैठकले आईईई, ईआईए पश्चात रुख कटानको व्यवस्था प्रदेशबाट हुने व्यवस्था गर्न, रज्जु मार्गको स्वामित्व प्रदेशलाई दिनुपर्ने लगायतका विषयमा राष्ट्रिय समन्वय परिषदमा सिफारिस गर्ने निर्णय गरेको हो । त्यसैगरी बैठकले विद्युत् विधेयक शीघ्र पारित गर्न, विपद् प्रभावत क्षेत्रको पुन: निर्माणको बजेट उपलब्ध गराउन पनि राष्ट्रिय समन्वय परिषदमा सिफारिस गर्ने निर्णय गरेको छ ।

सार्वजनिक खरिद ऐनमा संशोधन गरी पुरातात्विक महत्वका सम्पदाहरूको पुन:निर्माणको लागि विशेष कानुनी व्यवस्था गरिनुपर्ने निर्णय गर्दै सिफारिस गरेको छ । ६ हजारदेखि ७ हजार मिटरसम्मका हिमाल आरोहण इजाजत तथा रोयल्टीसम्बन्धी अधिकार प्रदेशलाई दिनुपर्ने निर्णय गरेको छ । बागमती प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको वैयक्तिक सूचना प्रणालीको दर्ता, व्यवस्थापनका लागि राष्ट्रिय किताबखानाको समन्वयमा सूचना प्रणालीको स्थापना तथा सञ्चालन गर्ने निर्णय गरेको छ ।

राष्ट्रिय विपद् प्राधिकरणको प्राविधिक सहयोगमा 'एकीकृत बस्ती तथा बस्ती स्थानान्तरण' सम्बन्धी प्रारम्भिक अध्ययन गर्न पहल गर्ने, राजस्व बाँडफाँडबापत विभाज्यकोषमा जम्मा भएको रकमको अनुगमन नहुँदा राजस्व बाँडफाँड प्रभावकारी हुन नसकेको बैठकको निष्कर्ष रहेकाले यो विषयलाई नियमन तथा व्यवस्थित गर्न स्थानीय तह र आर्थिक मामिला तथा योजना मन्त्रालयले पहल गर्ने निर्णय गरेको छ ।

प्रदेश अनुगमन तथा मूल्यांकन ऐन, प्रदेश नीति तथा योजना आयोग ऐन र प्रदेश तथ्यांक ऐनको तर्जुमा, पारित तथा कार्यान्वयन प्रक्रियालाई प्रदेशले नै टुंग्याउने निर्णय गरेको छ । बैठकबाट प्रदेश र स्थानीय तहमा योजना बैंक सञ्चालनमा ल्याउने निर्णय भएको छ । बजार अनुगमनलाई प्रभावकारी बनाउन प्रदेश र स्थानीय तहले संयुक्तरुपमा अनुगमन गर्ने, जिल्ला समन्वय समितिको सूचना अभिलेख केन्द्र व्यवस्थापनको लागि सूचनाविज्ञ नियुक्त गरी अभिलेख केन्द्रलाई व्यवस्थापन गर्ने बैठकले निर्णय गरेको छ ।

# बाढीले क्षति पुराएको संरचना बनाउन सहयोग गर्ने मुख्यमन्त्रीको प्रतिबद्धता



साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले मकवानपुरको बकैया गाउँपालिका १० मा बाढीले क्षति पुर्याएको संरचना बनाउन सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

असोजको दोस्रो हप्ता आएको बाढीले क्षति पुगेको संरचनाको अनुगमन गर्दै उनले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् । अनुगमनका लागि मुख्यमन्त्री लामा नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनासहित कांग्रेसका नेताहरु लिएर बकैया पुगेका थिए ।

बाढीले क्षति पुर्याएको बाटो, सिचाई, पक्की पुल, झोलुङ्गे पुलको अनुगमन गरिएको थियो । 'असोजमा आएको बाढीले मकवानपुर सहित बागमती प्रदेशका विभिन्न जिल्लामा क्षति पुगेको छ', मुख्यमन्त्री लामाले भने, 'क्षतिको विवरण संकलनसहित निर्माण कार्य समेत धमाधम अघि बढाइरहेका छौं । यस क्षेत्रमा पुगेको संरचना निर्माणमा लागिपर्नेछौं ।' उनले क्षतिग्रस्त संरचना निर्माणका लागि बजेटको ब्यबस्था गर्ने प्रतिबद्धता समेत जनाए ।

कांग्रेस सहमहामन्त्री डिनाले प्रदेशको राजधानी मकवानपुर भएकोले पनि यहाँको क्षतिग्रस्त संरचना निर्माणमा विशेष प्राथमिकता दिन आग्रह गरिन् ।

मुख्यमन्त्रीसहितको टोलीले प्रदेश सरकारको लगानीबाट भएको कामको अनुगमन समेत गरेको थियो । कांग्रेस नेताहरु आनन्दराम पराजुली, मिठाराम दाहाल, गोपाल न्यासुर, प्रमिला खतिवडा, निलम देबकोटा, बकैया गाउँपालिका अध्यक्ष धर्म लामिछाने, वडा अध्यक्ष कमला वाइबा, पूर्व वडा अध्यक्ष सोम तिमल्सिना, नेवि संघका नेता भिषण ठकुरी लगायत सहभागी थिए ।

# तीन लाख ५० हजारले गरे चितवन महोत्सव अवलोकन



साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/१५ औं संस्करणको चितवन महोत्सव २०८१ को नवौं दिनसम्ममा ३ लाख ५० हजार जनाले अवलोकन गरेका छन् । उद्योग वाणिज्य संघ चितवनको आयोजनामा नारायणगढस्थित नारायणी नदीकिनारमा पुस २५ बाट सुरु भएको महोत्सव माघ १० गतेसम्म चल्ने छ ।

उवासंघ चितवनका कार्यकारी निर्देशक निल केसीले माघ ४ गतेसम्म ३ लाख ५० हजारले महोत्सव अवलोकन गरेको जानकारी दिए । महोत्सवमा उल्लासमय सहभागिता देख्न सकिन्छ । पैदलयात्रा गर्ने ठाउँमा कार्पेट बिछ्याएर निकै आकर्षक पारिएको चितवन महोत्सव परिसर धुलोरहित बनेको छ । महोत्सवमा दिनदिनै सांस्कृतिक कार्यक्रमहरु भइरहेका छन् । स्थानीय तथा राष्ट्रिय कलाकारले महोत्सव घुम्न आएकाहरुलाई थप मनोरञ्जन गराइरहेका महोत्सव सांस्कृतिक कार्यक्रम संयोजक नारायण प्रधानले जानकारी दिए ।

महोत्सव परिसरमा विविधि खेलकुदका गतिविधि भइरहेको खेलकुद समिति संयोजक शंकरप्रसाद घिमिरेले जानकारी दिए । महोत्सवमा मनोरञ्जन गर्नका लागि विभिन्न मनोरञ्जनात्मक खेल रहेका छन् । मनोरम नारायणीको दृश्यावलोकन गर्दै विविध परिकार खान पाइने व्यवस्था महोत्सवमा रहेको छ । महोत्सवमा चितवनका स्थानीयसहित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रदर्शकको स्टल रहेका छन् । चिनिया प्रदर्शकको पनि स्टल रहेको चितवन महोत्सवले चितवनलाई अन्तर्राष्ट्रियरुपमा चिनाइरहेको छ ।

महोत्सवमा विदेशी पर्यटकको पनि आगमन भइरहेको महोत्सव प्रवर्द्धन समितिका संयोजक राजेन्द्र ओलीले बताए । महोत्सव मुल समिति संयोजक एवम् उवासंघ चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले जस्तो सोचेर महोत्सव आयोजना गरिएको थियो त्यसरी नै महोत्सव चलिरहेको भन्दै खुशी व्यक्त गरे । महोत्सवमा सहभागिता जनाएकालाई एकमुष्ट धन्यवाद दिँदै अध्यक्ष श्रेष्ठले महोत्सवमा नआएकालाई एकपटक महोत्सव अवलोकन गरिदिन आह्वान गरेका छन् ।

महोत्सव बिहान १० बजेबाट बेलुका ६ बजेसम्म सञ्चालन भइरहेको छ । महोत्सवको टिकट शुल्क सर्वसाधारणका लागि १०० र विद्यार्थीका लागि ५० रुपैयाँ तोकिएको छ । चितवन महोत्सव अन्तर्गत नारायणगढको क्याम्पाचौरमा फुड फेस्टिबल चलिरहेको छ । फुड फेस्टिबल माघ ७ गतेसम्म चल्नेछ भने बिहान ८ बजेबाट राति १० बजेसम्म सञ्चालन हुनेछ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google

## विज्ञान/प्रविधि

### एप्पलमाथि जुकरबर्गको आरोप:

# आइफोन पैसा कमाउने भाँडो, इनोभेसन शून्य

फेसबुकको मातृ कम्पनी मेटा र आइफोन निर्माता कम्पनी एप्पलबीचको द्वन्द्व नौलो होइन । यी दुई कम्पनीका सीईओबीच बेला बखतमा विभिन्न खालका आरोप प्रत्यारोप पनि हुने गरेका छन् । यही क्रममा मेटा कम्पनीका सीईओ मार्क जुकरबर्गले एप्पलमाथि गम्भीर आरोप लगाएका छन् ।



एप्पलले पछिल्ला केही वर्षदेखि आइफोनको सफलतामा निर्भर भएर इनोभेसन (नवप्रवर्तनशीलता) लाई नजरअन्दाज गरिरहेको आरोप जुकरबर्गले लगाएका छन् ।

युट्युबर जो रोगनसँगको एक पडकास्टमा जुकरबर्गले एप्पलका विषयमा टिप्पणी गरेका हुन् । उनले भने- आइफोनबाट २० वर्षदेखि एप्पलले पैसा कमाइरहेको छ । तर नयाँ तथा क्रान्तिकारी चिज ल्याउनमा असफल छ ।

**एप्पलका नीतिप्रतिको आक्रोस**

जुकरबर्गको अभिव्यक्तिबाट के कुरा पनि प्रष्ट हुन्छ भने उनी एप्पलको एप स्टोर नीति तथा गोपनीयतासम्बन्धी कडा नियमहरुबाट असन्तुष्ट छन् । यस्ता कडा नियमहरुका कारण मेटाको विज्ञापन आयमा असर परिरहेको छ । उनले भनेका छन् - एप्पलले आइफोनको उपयोग विभिन्न खालका मनोमानीयुक्त नियम थोपर्नका लागि गरिरहेको छ । यस्तो लाग्छ कि एप्पलले पछिल्ला वर्षहरुमा कुनै ठूलो अन्वेषण गरेको छैन । स्टिभ जब्सले आइफोन पेस गरेका थिए र त्यसयता २० वर्षपछि पनि एप्पल त्यही कुरामा अड्किरहेको छ ।

**एप्पलको सानो सुधार वाला रणनीतिमाथि हमला**

एप्पलले आइफोनमा लगातार स साना सुधार गरिरहेको तर मेटाजस्ता कम्पनीहरुले जस्तै मेटाभर्स तथा भर्चुअल रियालिटी जस्ता नयाँ प्रविधिको क्षेत्रमा कदम अघि नबढाएको आरोप जुकरबर्गको छ । कम्पनीले गोपनियता तथा सुरक्षाका मुद्दाहरुको प्रयोग आृनो बचावटमा गर्ने गरेको आरोप पनि जुकरबर्गले लगाएका छन् । उनले भनेका छन्- एप्पलले सुरक्षा र गोपनियताको कुरालाई एप्पलले एउटा बहानाको रुपमा प्रयोग गरिरहेको छ ताकि उसका उत्पादनहरु मात्रै सजिलैसँग कनेक्ट हुन सकुन् ।

**एप्पल र मेटाबीचको पुरानो प्रतिद्वन्द्विता**

मेटा र एप्पल बीचको यो खिचातानी कुनै नयाँ कुरा होइन । सन् २०२१ मा एप्पलले एप ट्र्याकिंग ट्रान्सपरेन्सी फिचर पेस गरेको थियो । त्यसबाट फेसबुक जस्ता प्लाटफर्मका लागि प्रयोगकर्ताका डेटा ट्र्याक गर्न कठिन भयो । जुकरबर्गले उक्त कदमको आलोचना गर्दै भेनका थिए कि त्यस कदमले साना व्यवसायहरुमा नोक्सानी पु¥याउनेछ, जो पर्सनलाइज्ड विज्ञापनमा निर्भर छन् ।

# यी ७ कमजोरी, जसले मान्छेको स्टामिनामा कमी ल्याउँछ

## स्वास्थ्य

हामीले कतिपय मान्छे देख्छौं जो सामान्य शारीरिक अभ्यास गर्दैमा पूरा थकित महसुस गर्छन् । बढी थकाइका कारण मान्छे छिटोछिटो सास फेर्न थाल्छ । यसको अर्थ यो हो उनीहरुमा स्टामिनाको कमी छ । अब प्रश्न उठ्छ कि स्टामिना भनेको के हो ? जो मान्छे लामो समयसम्म शारीरिक रुपमा सक्रिय रहन सक्छ त्यसैलाई स्टामिना भनिन्छ ।



सामान्य भाषामा भन्नुपर्दा कुनै पनि काम गर्दा मान्छेले नथाकेरै लामो समयसम्म सक्रिय रहन सक्नु नै स्टामिना हो । तर मान्छेले दैनिक क्रियाकलापमा यस्ता सामान्य गल्ती गर्दा पनि शरीरमा हुने स्टामिना दिन प्रतिदिन घट्दै जान्छ ।

**१. कम पानी पिउने**

कम पानी पिउने बानीले मान्छेको स्टामिनामा कमी ल्याउँछ । पानीको कमीले शरीरमा डिहाइड्रेसन हुन्छ । यस्तो अवस्थामा यसले मान्छेको स्टामिनामा असर गर्छ । पानी शरीरको लागि आवश्यक मात्र होइन, यसले शरीरलाई ऊर्जावान पनि बनाउँछ । त्यसैले मान्छेले दिउँसोको समयमा प्रशस्त पानी पिउनुपर्छ ।

**२. मदिरा सेवन**

अत्याधिक मदिरा सेवनले शरीरमा नकारात्मक असर पार्न सक्छ । जसले गर्दा मान्छेको स्टामिनामा कमी आउँछ । रक्सीले मान्छेको शारीरिक ऊर्जाको स्तरमा मात्र असर गर्दैन, यसले व्यक्तिमा थकानको महसुस गराउँछ । यस्तो अवस्थामा रक्सी पिउनेहरुको स्टामिना कमजोर हुन्छ ।

**३. प्रोटिनयुक्त आहारको कमी**

मानिसले खाने आहार स्वाद वा मनस्थिति अनुसार फरक हुने गर्छ । वास्तवमा स्वादलाई भन्दा खानामा पोषणलाई ध्यान दिनुपर्ने हो । तर यस्तो नहुँदा प्रोटिनयुक्त आहारको कमीले मान्छेको शरीरमा स्टामिना कमजोर हुन सक्छ । प्रोटिनयुक्त खानेकुराको सेवनले मांसपेशीको विकास मात्र गर्दैन, बलियो पनि बनाउँछ । यसले नयाँ मांसपेशीको निर्माण गर्न पनि सहयोग गर्छ । यस्तो अवस्थामा शरीरमा प्रोटिनयुक्त खानाको कमीले ऊर्जाको स्तर घटाउँछ । जसले स्टामिना पनि कमजोर हुन थाल्छ । त्यसैले प्रोटिनयुक्त खानेकुरा आफ्नो आहारमा थप्नुपर्छ । उदाहरणका लागि एक व्यक्तिले आफ्नो आहारमा तिल, बदाम, काजु, सूर्यमुखी बीउ, बदाम, पालक, च्याउ, काउली, ब्रोकाउली, मटर, ओट्स आदिलाई खानाको रुपमा समेट्न सक्छन् ।

**४. सोडियमको कमी**

शरीरमा सोडियमको कमी हुँदा पनि स्टामिना कमजोर हुन सक्छ । यसबारेमा एउटा अनुसन्धान पनि बाहिर आएको छ, जसमा सोडियमको मात्रा कम हुनु पनि स्टामिना कमीको कारणले हुनसक्ने देखाएको छ । यस्तो अवस्थामा कसरत गर्ने वा कुनै किसिमको व्यायाम गर्ने व्यक्तिको शारीरिक कार्य क्षमता बढाउन शरीरमा सोडियमको मात्रा बढाउनु आवश्यक हुन्छ ।

**५. कफिनको कमी**

शरीरमा कफिनको कमीले पनि स्टामिना कमजोर हुन सक्छ । आजकल स्वास्थ्य समस्या आउने भन्दै धेरैले क्याफिनको बढी प्रयोग गर्दैनन् । तर आफ्नो खानामा कफिनलाई पूर्ण रुपमा हटाउनु उचित हुँदैन । यस्तो अवस्थामा यसको सेवनले शरीरमा ऊर्जाको तहलाई सन्तुलित मात्रै गराउँदैन, यसले शरीरमा ऊर्जा पनि मिल्छ ।

**६. जीवनमा व्यायामको कमी**

जाडो शुरु भएको छ । यस्तो अवस्थामा मानिसहरु बाहिर निस्कन हिच्किचाउँछन् र आफ्नो कोठामा कम्बल लगाएर सुत्न रुचाउँछन् । जसका कारण उनीहरूले आफ्नो जीवनबाट व्यायाम जस्ता शारीरिक क्रियाकलाप गर्न रुचाउँदैनन् । शारीरिक क्रियाकलापको कमीले व्यक्तिमा स्टामिनाको कमी हुन्छ । यस्तो अवस्थामा मानिसले आफ्नो दिनचर्यामा दौडने, पौडी खेल्ने, छिटो हिँड्ने, नृत्य गर्ने आदिलाई बढावा दिनुपर्छ । यसबाहेक व्यक्तिले आफ्नो दैनिक दिनचर्यामा पनि शारीरिक अभ्यासको कामलाई बढी प्राथमिकता दिनुपर्छ ।

**७. अत्याधिक धुम्रपान**

आजको समयमा मानिसहरु धुम्रपानको बढी सेवन गर्ने गर्छन् । यसबाहेक वरपर उपस्थित व्यक्तिलाई पनि अरुले खाएको चुरोटको धुवाँले असर गरिरहेको हुन्छ । त्यो धुवाँ शरीरभित्र पस्दा पनि असर धेरै हुन्छ ।

धुम्रपानले रक्तनलीलाई साँघुरो बनाउन सक्छ, जसले मुटुको स्वास्थ्य, मांसपेशी र शरीरका धेरै भागमा रगतको प्रभावलाई कम गराउने गर्छ । यस्तो अवस्थामा व्यक्तिको स्टामिना पनि कमजोर हुनसक्छ । यदि कुनै व्यक्ति आफ्नो स्टामिना बढाउन चाहन्छ भने धुम्रपान सेवनमा कमी ल्याउनुपर्छ ।

## साहित्य

### क्रिकेट



✍ अद्विक दाहाल
कक्षा : ३, नवोदय शिशु सदन

म खेल्छु क्रिकेट
साथीको लिन्छु विकेट
म बन्छु राम्रो खेलाडी
देशको नाम राख्छु सधैं अगाडि

कहिले पनि हार्दिनँ
देशलाई तल पार्दिनँ
मिलेर खेल्छौं हामी
खेल्दै जित्दै जानी

क्रिकेटमा छ धेरै ज्ञान
क्रिकेटलाई बनाउँछु मेरो मान
मेहेनत गर्ने छौं हामी
सधैं खेल्ने छौं दामी

कविता

### जब मानिस ब्युँझन्छ

✍ शिलु शर्मा

समयको पावन्दीबाट
घाम डुबेपछि,
मान्छे पुग्छ गहिरो
निन्द्रामा र देख्न थाल्छ सपना,

आफ्नै मेहनतको
तलाउमा सुकोमल फूल फक्रिएको,
आफ्नै हातले आफूले चाहेको दिन
त्यसलाई लिएर आफ्नो मनको भगवानलाई
चढाउन मन्दिर पुगेको ।
तर कुनै अन्जानले बिना सोधपुछ
एक्कासि चुँडिदिन्छ त्यो सपनाको
फूल, तब मान्छे ब्युँझिन्छ
शून्य तलाउ हेरेर टोलाउँछ ।।

अर्को दिन मान्छे पुग्छ
मस्त निन्द्रामा अनि फेरी देख्छ
सपना,
आफ्नो स्वर्णिम स्वतन्त्र संसार,
आफ्नाहरु सँगको इमान्दार
कर्मले हाँसेको जिन्दगी अनि
भुल्छ सोही परिवेशमा आफ्ना
सम्पूर्ण रहरहरु,
तर, एकदिन अचानक एउटा आफ्नै मानेको
मखुण्डोधारी मानिस उभिन्छ
पछाडि पार्न हजारौं धारीला
शब्दजालका हतियारहरु,
उसका खुशी लुट्न लगाइएका
दाउपेच र नियमका चाङहरु,
उस्को उमंग र सपना तोड्न रचेका
चक्रब्युहहरु,
अनि बल्ल मान्छे ब्युझिन्छ र
देख्छ मतलबी दुनियाका
आफ्नै भनिने जिउँदो अस्थिपन्जरहरु ।।

जब मान्छे निदाउँछ आनन्दले
थाकेको शरिर लोलाउन,
तब देख्छ अर्को सपना,
आफ्नो यथार्थका पहाडहरुको
यात्रा तय गरेर स्वप्निल दरबार निर्माण
गरेको,
आफूलाई माया गर्नेहरुसँग
केही पल बिताउन दिनरात
दिवारहरु सजाएको,
पसिना र रगतका सिंचाइबाट
भरपुर आफ्ना भन्नेलाई
खुसी बाँड्न चाहेको,
जब सुन्छ एकदिन आफ्नै
दिवारहरुका विभेदपूर्ण वार्तालाप,
तब मानिस ब्युँझन्छ र भन्छ
यो भौतिक सुख र नाटकी सम्बन्धका लागि
मैले किन अमुल्य जीवन खेर फालेको ।।

जब मानिस निदाउँछ,
आफ्नै मेहनतको बिछ्यौनामा,
तब देख्छ सपना,
भोलि माथि पुग्छु,
आफ्ना लागि रुनेलाई केही गर्छु,
एक्कसी जब उस्लाई पछाडिबाट आफ्नैले
धकेल्न आँटेको देख्छ तब
पुन: झल्यास्स ब्युझिन्छ र भन्छ
व्यर्थको भिडलाई मैले
जीवन भरी विश्वास गरेछु ।।

### किताबघर



✍ सहज सोढारी
कक्षा ३, नवोदय शिशु सदन

आजको दिन सहज र प्रिन्सको मित्रता अझ प्रगाढ हुने अवसर हो । प्रिन्सले सहजलाई पुस्तकालय जाने विचार ल्याउँछन्, जसले सहजलाई न्यानो र अनौठो महसुस गराउँछ । प्रिन्सको पुस्तकालय जानका लागि उत्साह र सहजको जिज्ञासाले यो छोटो यात्राले ज्ञान र मित्रता बढाउने एउटा अनौठो अवसर बनाउँछ ।

सहज: शुभप्रभात, प्रिन्स ।
प्रिन्स: शुभप्रभात, सहज । के छ तिम्रो खबर ? तिमीलाई ठिक छ नि ?
सहज: ठीक छु, तिमीलाई चाहिँ कस्तो छ नि ?
प्रिन्स: म पनि ठीक छु । तिम्रो आज फुर्सद छ र ?
सहज: छ । किन ? के भयो र ? कतै जान मन लाग्यो कि क्या हो ।
प्रिन्स: आज शनिबार हो अनि खाना खाएर एकछिन् भैरवरोडको किताबघर जाउँ कि भनेको । एक्लै भएर तिमीलाई सम्झेको हुँ । तिमी पनि मसँग जान्छौ कि भनेर सोध्न लागेको ?
सहज: हे, अन्तै जाऔं न । किन त्यही जानुपर्‍यो र भन्या । बरु हुप्रचौर जाऔं खेल्न । हुन्न र ?
प्रिन्स: खेल्दा फाइदाचाहिँ हुन्छ तर तत्काल मात्र हुन्छ । पुस्तक पढ्दा धेरै ज्ञान पाइन्छ जसले जीवनभर फाइदा गर्छ नि । किताबमा नै डुबुल्की मार्ने हो भने पौडी खेल्दाभन्दा बढी आनन्द र र माइलो हुन्छ नि ।
सहज: ए, हो र ? मैले त विचारचाहिँ गरेको तर यति गम्भीर भएरचाहिँ होइन ।
प्रिन्स: त्यसो भए हिँड, मसँगै पुस्तकालयतिर ।
सहज: जाऔं न, त जाऔं ।
प्रिन्स: ल जाऔं ।
सहज: हैन भने, अब त

लघुकथा

### मनी माइन्डेड

✍ विश्वराज अधिकारी

“दाइ, मलाई मनी माइन्डेड भन्नु भए पनि हुन्छ । मेरो जीवनको उद्देश्य नै पैसा कमाउनु हो । म क्यानाडाबाट धेरै पैसा कमाउन भनेर नै अमेरिका आएको हुँ । यदि अलिकति परिश्रम गर्न जानेको छ भने यो पूँजीवादी देशमा पैसा कमाउन सजिलो छ । सामाजवादी हुन खोज्ने देश क्यानाडामा त्यस्तो सहज छैन ।”

म गम्भीर भएर अमनको कुरा सुन्दै छु ।

ऊ भन्दै छ, “पैसाबिनाको यो जीवन निरर्थक हो । यो संसारमा, आमाबाबु, दिदीबहिनी, दाजुभाइ, काकाकाकी सबै पैसा हुन् । पैसाले ठुला ठुला भवनहरू मात्र होइन, अटुट र प्रगाढ प्रेम सम्बन्ध पनि बनाउन सकिन्छ । पैसाले साँचोलाई झुठो र झुठोलाई साँचो बनाउन पनि सक्छ ।”

म केही बोलेको थिइनँ, मेरो अनुहामा हेर्दै उसले भन्यो, “दाइले पैसाको महत्त्व नै बुझ्नु भएको छैन । माया, प्रेम, दया यी सबैको केही अर्थ छैन पैसा नभएमा । यो भएर नै मैले ओक्लहोमा सिटीमा तीन ओटा गैस स्टेसन, दुई ओटा मोटेल र एउटा भेप स्टोर चलाएको छु ।”

“तपाईं जस्तै तपाईंकी वाइफ पनि व्यापारी नै हुन् ?” मैले अनायास सोधेँ ।

मेरो यस प्रश्नले अमनलाई गम्भीर पारिदियो तर पनि उसले सहज तरिकाले भन्यो, “दाइ, मेरो वाइफसँग डिभोर्स भएको पाँच वर्ष भयो । मेरा दुई सन्तान पनि उनीसँगै छन् ।” अमनको यो कुरा सकिन नपाउँदै तीनओटा कुकुर एकै पटक बैठक कोठामा पसे ।

कुकुरलाई मुसार्दै अमनले भन्यो, “जीवनमा परिवार पनि चाहिने रहेछ दाइ । यी कुकुरहरूले मलाई अति माया गर्छन् । लाग्छ यिनीहरूको मायाले गर्दा नै म बाँचेको छु । मेरा वाइफ, छोराछोरी, परिवार यी सबै यिनै कुकुहरू हुन दाइ ।”

### गजल

✍ डिल्लीप्रसाद अधिकारी

तिमी छैनौ र साह्रै साह्रै अतालिएँछु म
नितान्त कतै एक्लै एक्लै बरालिएँछु म।।

शब्दकै अनिकाल भोग्नुपर्दा सृजनामा
अचेल त आँसु आँसुले पखालिएँछु म।।

बाँचेको समय खै कस्तो छ भनौं र अब
पीडाको भुक्तभोगी भएर समालिएँछु म।।

जस्तो देख्नु छ त्यस्तो क्यै देखितन अचेल
जिन्दगीबाट नै अचानक फुकालिएँछु म।।

अब सकियो रहर सबै एकलास मात्र छ
रमाइलो संसारबाट उ बेलै निकालिएँछु म।।

## चित्रकला





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# जनसेवाका कोषमा सरकारको वक्रदृष्टि, अपाङ्गदेखि वृद्धाश्रमसम्मको पैसा मास्न अध्यादेश






काठमाडौं /राजस्वमा भ्वाङ परेपछि जनताको पैसा संकलन गरेर विशेष प्रयोजनका लागि बनाइएका कोषमा सरकारले वक्रदृष्टि लगाएको छ । वैदेशिक रोजगारीमा गएका कामदारलाई राहत-उद्दार, सडक मर्मत, ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवा विस्तारलगायत काम गर्ने उद्देश्यसाथ सरकार आफैंले बनाएका कोषका पैसा सरकारी राजस्वमा लैजाने गरी सरकारले अध्यादेश ल्याएको हो ।

कानुन बमोजिम स्थापना भएका पशुपति वृद्धाश्रम, राष्ट्रिय अपांग कोष, विभिन्न सरकारी अस्पताल, वैदेशिक रोजगार कोष, वन कोष, दूरसञ्चार कोष, सडक बोर्ड कोष, विश्वविद्यालयहरूदेखि पत्रकार वृत्ति कोषसम्मको पैसा मास्ने गरी सरकारले अध्यादेश ल्याएको हो ।

त्यस्ता कोषमा रकम जम्मा हुँदै आएको छ, जुन सरकारी राजस्वमा आउने गरेको छैन । त्यो कोष जुन प्रयोजनका लागि बनाइएको हो, संकलन भएको रकम त्यसैमा खर्च गर्नुपर्ने कानुनी प्रावधान छ । त्यसरी जम्मा भएर बसेको रकम सरकारले चाहेको बखत संघीय सञ्चित कोषमा आंशिक वा पूर्णरूपमा जम्मा गर्न सक्ने व्यवस्था राष्ट्रपतिले हालै जारी गरेको 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व अध्यादेश' मा उल्लेख छ ।

'संघीय सञ्चित कोषको सन्तुलनका लागि प्रचलित कानुन बमोजिम स्थापना भएका अन्य सरकारी कोषमा बाँकी रहेको मौज्दात रकममध्ये पूरै वा आंशिक रकम अर्थ मन्त्रालयले दायित्व सिर्जना हुँदाका बखत सम्बन्धित कोषमा निकासा गर्ने गरी संघीय सञ्चित कोषमा जम्मा गर्न सक्ने छ,' अध्यादेश मार्फत ऐनको दफा ३ मा उपदफा ४क थपेर नयाँ व्यवस्था गरिएको छ ।

यसका साथै, त्यसरी स्थापित कोषमध्ये कुनै कोष राखिराख्न आवश्यक नदेखे नेपाल सरकारले जुनसुकै बेला खारेज गर्न सक्ने व्यवस्था पनि गरिएको छ । बीमा समिति, दूरसञ्चार प्राधिकरण, धितोपत्र बोर्ड, सडक बोर्ड, वैदेशिक रोजगार कोषलगायतमा रहेको रकम सरकारको सञ्चित कोषमा ल्याउनका लागि यो व्यवस्था गरिएको अर्थ मन्त्रालय स्रोतको भनाइ छ ।

नेपाल सरकारको संघीय, प्रदेश र स्थानीय तहको सञ्चित कोषबाहेक अन्य सरकारी निकायका कोषमा समेत खर्बौं रुपैयाँ छ । वृद्धाश्रम, अपांगता कोष मात्रै होइन प्रसुती अस्पताल, गंगालाल मुटु केन्द्र लगायत देशका धेरै अस्पताल यस्तै कोषबाट सञ्चालन हुँदै आएका छन् । यसरी जनसेवाका लागि स्थापित कोषहरूको रकम सरकारको ढुकुटीमा सारेर मास्ने तयारी गर्नु दुःखद रहेको एक पूर्वमहालेखा नियन्त्रकले बताए ।

नेपाल राष्ट्र बैंक मातहत नै विनियम समानीकरण कोष, वित्तीय स्थायित्व कोष, सुन समानीकरण कोष, विकास कोष, बैंकिङ विकास कोष, ग्रामीण स्वावलम्बन कोषलगायत छन् । सञ्चितिसमेत गर्दा राष्ट्र बैंकको कोषमा मात्रै पाँच खर्ब ४४ अर्ब रुपैयाँ रहेको उसको वित्तीय विवरणमा छ । यो सरकारले एक वर्षमा संकलन गर्ने राजस्वको आधाभन्दा धेरै रकम हो ।

त्यसका साथै, सरकारका बजेटरी र गैरबजेटरी निकायका कोषमा एक खर्ब ४५ अर्ब रुपैयाँ रहेको महालेखा नियन्त्रकको कार्यालयको तथ्यांक छ । 'तर, सबै निकायले आफूसँग भएको रकमबारे हामीलाई रिपोर्ट गर्दैनन्, त्यसो हुँदा यस्तो रकम यसभन्दा धेरै हुन सक्छ,' महालेखाका एक उच्च अधिकारीले संचारकर्मीसँग भने ।

यस्ता कोष कुनै निश्चित प्रयोजनका लागि जनताकै पैसा उठाएर बनाइएको र त्यो रकम सोही काममा खर्च गर्नुपर्ने सरकारका एक पूर्वसचिवले बताए । 'ग्रामीण दूरसञ्चार विकास कोषमा टेलिकम कम्पनीहरूको कुल आयको २ प्रतिशत जम्मा हुन्छ, त्यो जनताले तिरेको रकम हो । वैदेशिक रोजगारीमा जाने हरेक गरिब कामदारसँग २५ सय रुपैयाँ संकलन गरेर वैदेशिक रोजगार कल्याणकारी कोष बनेको हो,' उनले भने, 'यी कोषहरू गाउँ-गाउँमा टेलिफोन र इन्टरनेट पुर्‍याउन र विदेशमा आपत विपद् परेका कामदारलाई राहत र उद्दार गर्न बनेका हुन् ।'

सडक मर्मतका लागि जनतासँग दस्तुर उठाएर सडक बोर्डमा कोष रहेको र त्यो पैसा त्यही काममा लगाउनुपर्ने उनी बताउँछन् । एउटा काम गर्छु भनेर जनतासँग पैसा उठाउने अनि त्यो पैसा लगेर नेतामन्त्रीको विदेश भ्रमण र सांसदका आयोजनामा खर्च गर्ने काम सरकारले जनतामाथि गरेको 'आपराधिक विश्वासघात' भएको उनको भनाइ छ ।

भारत सरकारले त्यहाँको केन्द्रीय बैंक रिजर्भ बैंक अफ इन्डियासँग भएको कोषको पैसा लिन खोजेपछि सन् २०१८ मा तत्कालीन गभर्नर उर्जित पटेलले राजीनामा दिएका थिए । केन्द्रीय बैंकसँग विभिन्न प्रयोजनका लागि ठूलो सञ्चित पैसा हुने र त्यसले अर्थतन्त्रलाई संकटबाट जोगाउने राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा बताउँछन् ।

'सरकारले ल्याएको अध्यादेशमा जे-जस्तो प्रावधान राखिएको छ, त्यस अनुसार सरकारले नेपाल राष्ट्र बैंकको कोषमा भएको पैसा पनि खिचेर लिन सक्छ,' थापा भन्छन् । राष्ट्र बैंकसँग विनिमय समानीकरण कोष (एक्सचेन्ज इक्वलाइजेसन फन्ड) छ, नेपाली रुपैयाँको विनिमय दरमा आउने घटबढका कारण घाटा हुँदा त्यो कोषबाट पूर्ति गरिन्छ, जसले विदेशी विनिमयका कारण देशको अर्थतन्त्रमा धक्का पर्न दिँदैन,' उनले भने, 'राष्ट्र बैंकसँग त यति ठूलो कोष रहेछ, सरकारलाई दिनुपर्‍यो भनेर त्यो लग्यो भने के हुन्छ ? देश संकटमा पर्छ,' थापा भन्छन् ।

त्यस्ता फन्ड कुनै निश्चित प्रयोजनका लागि र जोखिमबाट अर्थतन्त्र बचाउन बनाइएकाले तिनको पैसामा सरकारले आँखा लगाउन नहुने उनको सुझाव छ । 'कुनै कोष अर्थतन्त्रलाई जोखिमबाट जोगाउन बनाइएका हुन्छन्, ग्रामीण दूरसञ्चार कोष, विद्युतीकरण कोषजस्ता कोष कुनै निश्चित प्रयोजनका लागि बनाइएका हुन्छन्, त्यहाँ भएको पैसा सरकारले लगिदियो भने पहिलो त घोषित उद्देश्य पूरा हुँदैन, दोस्रो अर्थतन्त्रको स्थायित्व संकटमा पर्न सक्छ भने तेस्रो, त्यसरी लगेको पैसा सरकारले दुरुपयोग पनि गर्न सक्छ ।'

अहिले राजस्व कम उठ्दा त्यसो किन भयो भनेर कारण खोज्ने र समाधानको प्रयास गर्नुपर्नेमा उल्टै कोषहरूमा रहेको पैसामा वक्रदृष्टि लगाउनु कुनै पनि हालतमा उचित नहुने उनी बताउँछन् । 'कुल गार्हस्थ उत्पादन (जीडीपी) को २४ प्रतिशत अनुपातमा पुगिसकेको राजस्व किन घट्यो भनेर कारण खोज्नुपर्छ, त्यसमा सुधारका प्रयास गर्नुपर्छ,' थापा भन्छन्, 'सुधार चाहिँ नगर्ने अनि अहिले अल्पकालका लागि साह्रोगाह्रो पर्दा कोषको पैसामा आँखा लगाउने गर्नु उचित होइन ।'

यसरी कोषको पैसा लगेर अभाव पूर्ति गर्ने सजिलो बाटोका कारण सरकारको सुधार नै थाती रहने उनी बताउँछन् । 'साँच्चै त्यस्तो कोषको पैसा चलाउनु नै पर्ने हो भने प्रयोजन खुलाउनुपर्छ, त्यो पैसा जाजरकोटका भूकम्प पीडितलाई दिने हो ? कि बीपी हाइवेलाई पुनर्निर्माण गर्ने हो ? त्यो प्रयोग खुलाएर फिर्ता गर्ने सर्तमा कागज गरेर लैजाने हो भने ठिकै हो,' उनी भन्छन्, 'होइन भने त्यसो नगर्दा संस्थाहरू कमजोर हुने मात्रै नभई संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्तमा नै ठेस लाग्न सक्छ,' उनी भन्छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक आनन्दराज खनाल नेपाल सरकारले विगतदेखि नै विभिन्न निकायका कोषमा रहेको पैसामा आँखा लगाइरहेको बताउँछन् । 'तीन वर्षदेखि सरकारले दूरसञ्चार प्राधिकरणको कोषमा भएको पैसा लगिरहेको छ, जबकि कानुन अनुसार सरकारले त्यसरी पैसा लैजान मिल्दैन,' उनी भन्छन् ।

आफू प्राधिकरणको कामु अध्यक्ष हुँदा २०७५ सालमा त्यसैगरी ३ अर्ब पैसा मागेकोमा कानुन अनुरूप त्यो दिन नमिल्ने भनेर रोक्न खोजेको उनले स्मरण गरे । 'दूरसञ्चार कोषको पैसा दूरसञ्चार सेवाको विस्तारमा खर्च गर्नुपर्ने हो नि ! तर, सरकारले प्राधिकरणलाई अघिल्लो वर्षको खर्चको डेढी पैसा छाडेर बाँकी सबै लैजाने गरेको छ । अब त कानुन नै बनाएर लैजाने भए,' उनी भन्छन् ।

सरकारका विभिन्न ३०-३५ वटा कोष निष्क्रिय रहेर बसेको तर त्यो पैसा सरकारको सञ्चित कोषमा नल्याउँदा खर्च गर्न नपाएका कारण यो कानुन बनाइएको अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले बताए । 'तत्कालको आवश्यकता पूरा गर्ने उद्देश्यले यो कानुन बनाइएको हो, तान्न पाउने र तान्ने कुरा फरक हुन् । आइडियल रूपमा बसेका र प्रयोगमा नभएका ल्याउने हो, सबै कोषबाट ल्याउने भनेको होइन,' उनले भने । अहिले पनि काम गरिरहेका कोषको पैसा सरकारको कोषमा ल्याउने उद्देश्य नभएको उनको भनाइ छ ।

### महालेखा परीक्षकको सुझावको गलत व्याख्या

महालेखा परीक्षकको ६१औं वार्षिक प्रतिवेदनले सार्वजनिक संस्थाहरूले न्यून ब्याजदरमा वा निष्क्रिय रूपमा बैंक तथा वित्तीय संस्थामा मौज्दात राख्ने गरेको, तर सरकारले वित्तीय संस्थाबाट लिने आन्तरिक ऋणको ब्याज दर महँगो हुने गरेकाले त्यसमा सामञ्जस्यता ल्याउन सुझाव दिएको थियो ।

सार्वजनिक नियमनकारी संस्था तथा निकायहरूका कोषमा रहेको रकम परिचालन गर्ने गरी नीतिगत रूपमा पुनरावलोकन हुनुपर्ने सुझाव महालेखा परीक्षकले गरेकोमा त्यसलाई सरकारले गलत व्याख्या गरेको पाइएको छ ।

'महालेखा परीक्षकको कार्यालयले सरकारी कोषहरू जुन प्रयोजनका लागि खुलेका हुन्, तिनले प्रभावकारी काम गरेनन्, त्यसैले तिनलाई प्रभावकारी बनाऊ भनेको हुन सक्छ,' एक पूर्वअर्थ सचिवले भने, 'अर्कातिर, बैंक तथा वित्तीय संस्थासँग महँगो ब्याजदरमा ऋण लिनुको साटो सस्तो ब्याजमा यस्तै कोषसँग पनि सरकारले पैसा लिएर सदुपयोग पनि गर्न सक्थ्यो ।' त्यसो गर्नुको सट्टा सरकारी कोषको पैसा मास्ने मनसायले कानुनी व्यवस्था गर्नु गलत भएको उनी बताउँछन् ।

'सरकारले सामाजिक सुरक्षा करका नाममा १ प्रतिशत राजस्व उठाए पनि त्यसलाई सामाजिक सुरक्षामा खर्च नगरी आयकरमा रूपान्तरण गरेको उदाहरण हामीसामु छ,' उनले भने, 'बूढीगण्डकी आयोजना निर्माणका लागि पेट्रोलियम पदार्थमा प्रतिलिटर १० रुपैयाँ कर उठाएर पनि सरकारले मासेको छ ।'

सरकारी अधिकारीहरूले निष्क्रिय रहेको पैसा उपयोग गर्ने भने पनि त्यो कोष निष्क्रिय हो कि होइन भनेर कसरी परिभाषित गर्ने भन्ने प्रश्न उनी गर्छन् ।

### कुन-कुन निकायका कोष प्रयोग गर्न सक्छ सरकारले ?

अध्यादेशमा कुन-कुन निकायको कोषको पैसा संघीय सञ्चित कोषमा दाखिला गर्ने भन्ने उल्लेख छैन । तर, महालेखा परीक्षकले नेपाल दूरसञ्चार प्राधिकरण, बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरण लगायतको कोषको पैसाको सदुपयोग नभएको उल्लेख गरेकाले ती निकायबाट पैसा तान्न सकिने अर्थ मन्त्रालय स्रोत बताउँछ ।

त्यस्तै, सडक बोर्डको कोष, वैदेशिक रोजगारी कल्याणकारी कोष, सेनाको हवाइ कोष, नेपाल इन्टरमोडल विकास समितिजस्ता समितिहरू, लगानीकर्ता हित संरक्षण कोषजस्ता कोषको पैसा सरकारले लिन सक्छ । 'कानुनमा 'प्रचलित कानुन बमोजिम स्थापना भएको अन्य सरकारी कोषमा बाँकी रहेको मौज्दात' रकमबाट संघीय सञ्चित कोषमा पैसा लिने भनिएकाले त्यो दफाको दुरुपयोग गर्दै कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सेना, प्रहरी लगायतको कल्याणकारी कोष लगायतको पैसा पनि सरकारले खिच्ने जोखिम देखिन्छ,' ती अधिकारीले भने ।

*(स्रोत: अनलाइनखबर)*

# सरकारी खर्च चलाउन ऋणको भर, पुस मसान्तसम्म उठाइयो साढे २ खर्ब

काठमाडौं /सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिना (साउन-पुस) मा करिब साढे २ खर्ब रुपैयाँ सार्वजनिक ऋण लिएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार पुस मसान्तसम्म सरकारले १ खर्ब ८१ अर्ब ५ करोड रुपैयाँ आन्तरिक ऋण उठाएको छ । यस बीचमा ५९ अर्ब ३ करोड रुपैयाँ वाह्य ऋण प्राप्ति भएको कार्यालयले जनाएको छ ।

यसरी ६ महिनामा २ खर्ब ४० अर्ब ८ करोड रुपैयाँ बराबर सार्वजनिक ऋण उठाइएको कार्यालयको आँकडा छ । लक्ष्य अनुसार राजस्व उठ्न नसक्दा सरकारले ऋण तिर्न र पूँजीगत प्रकृतिको खर्चका लागि ऋणकै भर पर्नुपर्ने अवस्था छ । राजस्वले चालु प्रकृतिको मात्र खर्च धान्न सक्ने अवस्था देखिएको छ ।

### २५ खर्ब ३६ अर्ब पुग्यो सार्वजनिक ऋण

नेपालको सार्वजनिक ऋणले २५ खर्ब ३६ अर्बको नेटो काटेको छ । अघिल्लो आव अन्तिम (असार मसान्त) सम्म २४ खर्ब ३४ अर्ब रुपैयाँ रहेको सार्वजनिक ऋण यस वर्ष ६ महिनामै २५ खर्ब ३६ अर्बभन्दा माथि पुगेको हो । कार्यालयका अनुसार चालु आव ६ महिनामा आन्तरिक ऋण १२ खर्ब ३४ अर्ब ७१ करोड र वाह्य ऋण १३ खर्ब १ अर्ब रुपैयाँ नाघेको छ ।

यसबीच सरकारले सार्वजनिक ऋण भुक्तानीमा १ खर्ब ४९ अर्ब रुपैयाँ खर्च गरेको छ । प्राप्ति साढे २ खर्ब रुपैयाँ हाराहारी गरे पनि भुक्तानी समेत करिब डेढ खर्ब पुग्दा सार्वजनिक ऋणको खुद वृद्धि भने १ खर्ब रुपैयाँमात्र रहेको छ । यसमा विनिमय दरमा आएको उतार चढावको असरले ११ अर्ब ६१ करोड दायित्व थप भएको देखिएको छ ।

कार्यालयका अनुसार नेपालमा कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा सार्वजनिक ऋण अब ४४.४६ प्रतिशत पुगेको छ । यसमा आन्तरिक ऋणको हिस्सा २१.६४ प्रतिशत र वाह्य ऋण जीडीपीको अनुपातमा २२.८१ प्रतिशत रहेको देखिएको छ । केही अगाडिसम्म आन्तरिक ऋण हिस्सा बढी रहेकोमा सरकारले बढी भुक्तानी गर्दा वाह्य ऋण जीडीपीको तुलनामा माथि रहेको देखिएको हो ।

### आन्तरिक ऋण उठाइयो ५० प्रतिशतभन्दा माथि

सरकारले चालु आव कुल ५ खर्ब ४७ अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउने लक्ष्य राखेको छ । यसमा आन्तरिक ऋण ३ खर्ब ३० अर्ब र वाह्य ऋण २ खर्ब १७ अर्ब उठाउने लक्ष्य छ । पुस मसान्तसम्म उठाइएको आन्तरिक ऋण १ खर्ब ८१ अर्ब रुपैयाँ कुल लक्ष्यको ५४.८६ प्रतिशत हो । वाह्य ऋण भने लक्ष्यको २७.२० प्रतिशत मात्र उठेको छ । कुल ऋण प्राप्ति लक्ष्यको ४३.८९ प्रतिशत छ । वाह्य ऋण प्राप्ति पूँजीगत खर्चमा बढी निर्भर रहन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# विवाह बन्धनमा बाँधिइन् पार्श्व गायिका मेलिना राई

काठमाडौं/चर्चित पार्श्व गायिका मेलिना राई विवाह बन्धनमा बाँधिएकी छन् । उनले शुक्रबार प्रेमी ध्रुव गुरूङसँग विवाह गरेकी हुन् ।

विवाहको तस्वीरमा दुवैलाई आ-आफ्नै जातीय भेषभूषामा देख्न सकिन्छ । यतिबेला काठमाडौंको गोकर्णेश्वरस्थित हिमाली घर रिसोर्टमा विवाह समारोह चलिरहेको छ । विवाहमा दुई पक्षका परिवारसहित मेलिना निकट केही संगीतकर्मीको उपस्थिति रहेको जनाइएको छ ।

मेलिना र ध्रुवले केही दिनअघि किराँत धर्मअनुसार इन्गेजमेन्ट गरेका थिए । इन्गेजमेन्टको तस्वीर तथा भिडियो भने बिहीबार मात्र बाहिरिएको थियो । इलाम स्थायी घर भएका ध्रुव ब्रिटिस आर्मी (बेलायती सेना) रहेको जनाइएको छ । मेलिना र ध्रुवले छोटो समयको प्रेम सम्बन्धलाई विवाहमा परिणत गरेका हुन् ।

जादुयी स्वरले गायनमा लोभलाग्दो सफलता चुमेकी मेलिनाका दर्जनौं गीत लोकप्रिय छन् । उनले गाएको फिल्म 'दुई रुपैयाँ'मा समावेश 'कुटुमा कुट सुपारी दाना' युट्युबमा सर्वाधिक हेरिने नेपाली गीतमा पर्छ ।

यसलाई युट्युबमा २१ करोड बढीले हेरेका छन् । यो गीतलाई मेलिनाको गायन करिअरको टर्निङ पोइन्ट मानिन्छ । अहिले उनको पार्श्व गायनमा उच्च माग छ ।

उनको स्वरमा रहेका 'माया जदौ', 'रातो टीका निधारमा' (रिमेक भर्सन), 'हुकुम बक्सियोस्', 'अजम्बरी लाउला पिरती', 'कम्मर माथि पटुकी', 'शिरैमा शिरबन्दी', 'एमजी रोडैमा' जस्ता फिल्मका गीतहरु पनि चर्चित छन् । उनीद्वारा स्वरबद्ध नयाँ गीत 'डल्ले-डल्ले खुर्सानी' बुधबार मात्र सार्वजनिक भएको छ, जसले युट्युबमा आकर्षक भ्यूज पाएको छ । यो गीत फिल्म 'अञ्जिला'मा समावेश छ ।

'एक्टर' ट्रेलर :

# प्रदीपको बाधक राजबल्लभ, निश्चलको 'सरप्राइज इन्ट्री'



काठमाडौं/राजन भुसालको निर्देशनमा तयार भएको फिल्म 'एक्टर: टेक वान'को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार सार्वजनिक २ मिनेट ४६ सेकेन्ड लम्बाईको ट्रेलर अभिनेता प्रदीप खड्काको वरिपरि घुमेको छ । आफ्नो परिचय बनाउन उनको पात्रले गर्ने संघर्ष र षड्यन्त्रमा फिल्मको कथा केन्द्रित रहेको देखिन्छ । फिल्ममा उनी पाइलटदेखि थिएटरको कलाकारसम्म बनेको ट्रेलरले खुलाउँछ ।

ट्रेलरअनुसार अभिनेता राजबल्लभ कोइरालाको चरित्र नकारात्मक देखिन्छ । प्रदीपको उद्देश्यमा उनी बाधक बनेका छन् । ट्रेलरमा दुई अभिनेत्री आना शर्मा र दिव्या रायमाझीसँग प्रदीपको प्रेम पनि देखाइएको छ, जुन सस्पेन्सले भरिएको छ । ट्रेलरमा सरप्राइज पक्ष भनेको अभिनेता निश्चल बस्नेतको इन्ट्री हो । तर, उनको भूमिकालाई सस्पेन्स राखिएको छ ।

फिल्ममा दिव्य देव, उषा रजक, सुशील सिटौला, सिर्जना अधिकारी, बादल भट्ट, प्रदीप के. चौधरी, सिर्जना अधिकारी लगायतको पनि अभिनय छ । आकाश बराल र निर्देशक भुसालको लेखन रहेको फिल्ममा थमन कुमार भण्डारी निर्माता र अनीश भुसाल सह-निर्मातामा छन् । यसमा नरेन्द्र मैनालीको छायांकन छ भने सम्पादन निमेष श्रेष्ठ तथा द्वन्द्व निर्देशन अष्ट महर्जनको छ ।

यही माघ १६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा रोमन ब्रजचार्यको ब्याकग्राउन्ड म्यूजिक (बिजिएम), उत्तम न्यौपानेको साउन्ड डिजाइन, हर्कुलस बस्नेत, रोहित शाक्य र एलिस कार्कीको संगीत तथा शिशिर खाती र किरण थापाको कोरियोग्राफी छ । अदृत फिल्म्स् र अ मोती फिल्मको संयुक्त प्रस्तुति रहेको फिल्मले घरेलु बक्स अफिसमा सुखद व्यापार गर्ने प्रक्षेपण गरिएको छ ।

# हिमालको निर्देशनमा 'जनै हराएको बाहुन' बन्ने




काठमाडौं /हिमाल न्यौपानेको निर्देशनमा फिल्म 'जनै हराएको बाहुन' बन्ने भएको छ । शुक्रबार निर्माण कम्पनी पेपर क्लिपले हिमाललाई निर्देशकमा अनुबन्धित गर्दै फिल्मको औपचारिक घोषणा गरेको हो । फिल्मले गाउँबाट सहर आएका एक सरल व्यक्तिले भोग्नुपरेका अनपेक्षित परिस्थिति र त्यसले उसको जीवनमा ल्याएको परिवर्तनलाई केन्द्रमा राख्ने जनाइएको छ ।

लामो समयदेखि नेपाली फिल्मको विभिन्न विधामा काम गर्दै आइरहेका निर्देशक न्यौपानेले यो फिल्म आफ्नो लागि सपना पूरा गर्ने अवसर भएको बताएका छन् । उनले यसअघि केही वृत्तचित्र र लघु फिल्म निर्देशन गरिसकेका छन् । 'जनै हराएको बाहुन' उनको पहिलो व्यावसायिक फिल्म हो ।

निर्माण कम्पनी पेपर क्लिपका प्रमुख विमल न्यौपानेका अनुसार फिल्मले दर्शकलाई एक अनौठो र रोमाञ्चक यात्रामा लैजानेछ । यो वर्षको अन्त्यसम्म छायांकन सुरु गर्ने लक्ष्य राखिएको फिल्मका लागि मुख्य भूमिकामा केही कलाकार तय भइसकेका छन् । तर, नाम सार्वजनिक गरिएको छैन । स्रोतका अनुसार, फिल्मको मुख्य भूमिकामा अभिनेता विजय बराल देखिने सम्भावना प्रवल छ ।

# विवाह बन्धनमा बाँधिइन् पार्श्व गायिका मेलिना राई

काठमाडौं/चर्चित पार्श्व गायिका मेलिना राई विवाह बन्धनमा बाँधिएकी छन् । उनले शुक्रबार प्रेमी ध्रुव गुरूङसँग विवाह गरेकी हुन् । विवाहको तस्वीरमा दुवैलाई आ-आफ्नै जातीय भेषभूषामा देख्न सकिन्छ । यतिबेला काठमाडौंको गोकर्णेश्वरस्थित हिमाली घर रिसोर्टमा विवाह समारोह चलिरहेको छ । विवाहमा दुई पक्षका परिवार सहित मेलिना निकट केही संगीतकर्मीको उपस्थिति रहेको जनाइएको छ ।

मेलिना र ध्रुवले केही दिनअघि किराँत धर्मअनुसार इन्गेजमेन्ट गरेका थिए । इन्गेजमेन्टको तस्वीर तथा भिडियो भने बिहीबार मात्र बाहिरिएको थियो । इलाम स्थायी घर भएका ध्रुव ब्रिटिस आर्मी (बेलायती सेना) रहेको जनाइएको छ । मेलिना र ध्रुवले छोटो समयको प्रेम सम्बन्धलाई विवाहमा परिणत गरेका हुन् ।

जादुयी स्वरले गायनमा लोभलाग्दो सफलता चुमेकी मेलिनाका दर्जनौं गीत लोकप्रिय छन् । उनले गाएको फिल्म 'दुई रुपैयाँ'मा समावेश 'कुटुमा कुट सुपारी दाना' युट्युबमा सर्वाधिक हेरिने नेपाली गीतमा पर्छ । यसलाई युट्युबमा २१ करोड बढीले हेरेका छन् । यो गीतलाई मेलिनाको गायन करिअरको टर्निङ पोइन्ट मानिन्छ । अहिले उनको पार्श्व गायनमा उच्च माग छ ।

उनको स्वरमा रहेका



'माया जदौ', 'रातो टीका निधारमा' (रिमेक भर्सन), 'हुकुम बक्सियोस्', 'अजम्बरी लाउला पिरती', 'कम्मर माथि पटुकी', 'शिरैमा शिरबन्दी', 'एमजी रोडैमा' जस्ता फिल्मका गीतहरु पनि चर्चित छन् । उनीद्वारा स्वरबद्ध नयाँ गीत 'डल्ले-डल्ले खुर्सानी' बुधबार मात्र सार्वजनिक भएको छ, जसले युट्युबमा आकर्षक भ्यूज पाएको छ । यो गीत फिल्म 'अञ्जिला'मा समावेश छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बागमती प्रदेश सरकारको बजेटखर्च ६ महिनामा १६ प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको ६ महिनामा १६ प्रतिशतमात्रै बजेट खर्च गरेको छ । पुससम्ममा कुल बजेटको करिब १६ दशमलव २७ प्रतिशत मात्र खर्च भएको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचनाअधिकारी सुरज पौडेलले जानकारी दिएका छन् ।

चालु आवका लागि प्रदेश सरकारले ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रुपैयाँको बजेट ल्याएकोमा पुससम्म १० अर्ब ५० करोड २९ लाख नौ हजार रुपैयाँमात्र खर्च भएको तथ्यांक सार्वजनिक भएको छ । चालुको तुलनामा पुँजीगत खर्च कम भएको सूचनाअधिकारी पौडेलको भनाइ छ । विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले ४१ दशमलव ५६ प्रतिशत, प्रदेशसभा सचिवालयले २८ दशमलव ३६ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले ४ दशमलव ६ प्रतिशत बजेट खर्च गरेको छ ।

चालु आर्थिक वर्षको ६ महिना सकिंदा बागमती सरकारको पुँजीगत खर्चको अवस्था ज्यादै कमजोर देखिएको हो । २०८१/८२ का लागि बिनियोजित ३७ अर्ब ९ करोड रुपैयाँ पुँजीगत बजेमा पुस मसान्तसम्ममा ३ अर्ब ८२ करोड ८१ लाख रुपैयाँ मात्र खर्च भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । पुँजीगत खर्चतपर्फको प्रगति साढे १० प्रतिशतमै सीमित हुँदा चालुतर्फ २५ दशमलव ७२ प्रतिशत खर्च भएको छ । चालुतर्फ २५ अर्ब ९४ करोड ९१ लाख विनियोजन भएकोमा ६ महिनामा ६ अर्ब ६७ करोड ४७ लाख रुपैयाँ खर्च भएको मन्त्रालयका सूचनाअधिकारी पौडेलले जानकारी दिए ।



वित्तीय व्यवस्थातर्फ विनियोजन गरिएको एक अर्ब ५० करोड रुपैयाँ पनि खर्च हुन सकेको छैन । कुल बजेटको करिब एकतिहाई हिस्सा ओगटेको भौतिक पूर्वाधार विकास मन्त्रालयकै पुँजीगत प्रगति १२ दशमलव १५ प्रतिशतमा सीमित छ । मन्त्रालयको समग्र प्रगति १२.५२ प्रतिशत छ । प्रदेश सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत् कार्यान्वयन गर्न २२ अर्ब ७९ करोड ७७ लाख रुपैयाँ छुट्याएकोमा पुस मसान्तसम्ममा २ अर्ब ८५ कराड ४२ लाख रुपैयाँ मात्र खर्च गर्न सकेको छ ।

भौतिक मन्त्रालयमा चालुतर्फ ४३ करोड ९६ लाख रुपैयाँ चालु खर्च छुट्याइएको थियो । ६ अर्ब ९६ करोड ८६ लाख रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको खानेपानी उर्जा तथा सिञ्चाई मन्त्रालयको अर्धवार्षिक प्रगति ११.३० प्रतिशत रहेको छ । चालु खर्चतर्फ ३७ प्रतिशत खर्च गरिसकेको मन्त्रालयले पुँजीगततर्फ भने ९.६९ प्रतिशत मात्र प्रगति हासिल गरेको छ । ४ अर्ब ८ करोड ५ लाख रुपैयाँ बजेट रहेको स्वास्थ्य मन्त्रालयको अर्धवार्षिक कुल खर्च २४ दशमलव ३२ प्रतिशत रहेको छ ।

जसमा चालुखर्च २७ प्रतिशत हुँदा पुँजीगत खर्च भने ८.५६ प्रतिशतमै सीमित छ । यस्तै ३ अर्ब ९१ करोड ७७ लाख रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको सामाजिक विकास मन्त्रालयको कुल प्रगति १९.५१ प्रतिशत हुँदा पुँजीगत खर्च भने ५.२५ प्रतिशतमै सीमित छ । मन्त्रालयको चालुतर्फको खर्च भने २१.७९ प्रतिशत रहेको छ । ३ अर्ब २१ करोड ३२ लाख रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको वन तथा वातावरण मन्त्रालयको ६ महिनाको समग्र प्रगति १६ दशमलव ०६ प्रतिशत रहेको छ । जसमा पुँजीगततर्फ ७ दशमलव ९५ प्रतिशत खर्च भएको छ भने चालुतर्फ खर्च २९.८३ प्रतिशत रहेको छ ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयअन्तर्गत कार्यान्वयन भइरहेको २ अर्ब ६२ करोड ३८ लाख रुपैयाँमध्ये ६ महिनाको अवधिमा १३ प्रतिशत खर्च भएको छ । मन्त्रालयको पुँजीगत खर्च १५.५२ प्रतिशत हुँदा चालुतर्फको खर्च भने १२.६२ प्रतिशत रहेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको पुस मसान्तसम्मको खर्च १९.७३ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको १६.९२ प्रतिशत, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको खर्च १५.५९ प्रतिशत रहेको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ६ महिनामा २३.८८ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयको १६.४७ प्रतिशत, श्रम रोजगार तथा यातायात मन्त्रालयको १८ प्रतिशत बजेट खर्च भएको छ । स्थानीय तहतर्फको समानीकरण अनुदानबापत ८ अर्ब ३० करोड १९ लाख रुपैयाँ विनियोजन गरिएकोमा ६ महिनाको अवधिमा ३ अर्ब ३३ करोड ६४ लाख रुपैयाँ खर्च भएको छ ।

प्रदेश सरकारले ६ महिनाको अवधिमा वार्षिक आम्दानीको कुल लक्ष्यको २७.७२ प्रतिशत प्रगति हासिल गरिसकेको छ । ६ महिनाको अवधिमा १७ अर्ब ८८ करोड ९८ लाख रुपैयाँ आम्दानी भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

# प्रचण्डले स्थगित गरे परिवर्तनको पिर, थाले सत्ताको खेल



काठमाडौं , ४ माघ/ सरकारबाट हटेको ६ महिनापछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले लगभग सबैजसो विपक्षी दललाई एउटै मोर्चामा उभ्याउन सफल भएका छन् । प्रधानमन्त्रीबाट नहट्दै प्रचण्डले मोर्चाको राजनीति थालेका थिए । केपी शर्मा ओली प्रधानमन्त्री हुनेगरी नेपाली कांग्रेस र नेकपा एमालेबीच ७ बुँदे सहमति जुट्नासाथ प्रचण्डले बालुवाटारमै गत २७ असारमा समाजवादी मोर्चाको बैठक बोलाएर त्यस्तो गृहकार्य थालेका हुन् ।

तर त्यो मोर्चाले गति लिन सकेको थिएन । विगतमा प्रचण्डलाई साथ दिए पनि बदलामा पार्टी फुटाउने भूमिका खेलेको भन्दै डा. बाबुराम भट्टराई र उपेन्द्र यादवले त्यो मोर्चाप्रति रुचि राखेका थिएनन् । यद्यपि बाबुरामलाई एक्ल्याउने योजनामा नेसपा फुटाएका महिन्द्रराय यादवलाई मोर्चामा समेटियो ।

तर त्यो मोर्चा केवल बैठक बस्नुमै सीमित भएपछि प्रचण्डले थालेको अरू विपक्षी समेट्ने अभियानमा अन्ततः सफल देखिएका छन् । यसको संकेत केही दिन अघिबाटै प्रचण्डले दिइरहेका थिए । 'यो गठबन्धन (सत्तारुढ) अप्राकृतिक र अलोकतान्त्रिक छ भनेर मैले गम्भीर रुपमा पार्लियामेन्टमा पनि, बाहिर पनि भनेको सुन्नुभएको छ । अप्राकृतिक ढंगले अब यो चल्दैन', गत हप्ता प्रचण्डले भनेका थिए ।

नभन्दै शुक्रबार प्रचण्डले माओवादी केन्द्रसहित विपक्षमा रहेका रास्वपा, राप्रपा, एकीकृत समाजवादी, जनमोर्चा, आजपा र नेसपाको साझा धारणा सार्वजनिक गरेका छन् । संसद भवन नयाँ बानेश्वरमा विपक्षी नेताहरुलाई एउटै मञ्चमा राखेर प्रचण्डले प्रधानमन्त्रीको राजीनामा नै मागे ।

'संविधान संशोधन त प्रधानमन्त्री आफैले ०८७ मा मात्रै हुन्छ भनिसकेपछि र अन्य सुशासन इत्यादिका बारेमा उल्टो गतिविधि गरिसकेपछि नैतिक रुपमा सरकारमा बसिरहने आधार गुमेको छ,' पत्रकार सम्मेलनमा प्रचण्डले भने, 'नैतिकताको आधारमा सरकारले राजीनामा दिनु नै उचित हुन्छ । यसको अर्थ हामी सरकारमा जान खोजिएको भन्नु हुँदैन ।'

विपक्षी कित्ताका एक नेता भने सरकारकै कारण प्रचण्डलाई विपक्षीहरूले प्रमुख नेता मानेर साझा धारणा सार्वजनिक गर्नुपर्ने अवस्था आएको बताउँछन् । 'संसद् छलेर अध्यादेश ल्याउनेतिर सरकार लाग्यो, विपक्षी नेताहरुले आ-आफ्ना तरिकाले संसद बोलाउन राखेको माग सुनुवाइ भएन' ती नेता भन्छन्, 'यदि प्रधानमन्त्रीले संवैधानिक र संसदीय बाटो हिडेको भए विपक्षीहरुले एकताबद्ध आवाज सार्वजनिक गर्नुपर्ने अवस्था हुन्थेन ।'

पत्रकार सम्मेलनमा जारी ५ बुँदे साझा धारणा हेर्दा पनि प्रधानमन्त्रीले अध्यादेशबाट शासन चलाउन खोज्दा प्रचण्डले विपक्षी नेताहरू एकठाउँ जुटाउन सफल भएको पुष्टि हुन्छ । सार्वजनिक साझा धारणाको मुख्य आपत्ति नै अध्यादेशहरू ल्याउने निर्णयको विरोध र संसद् अधिवेशनको माग छ ।

'हामी प्रतिपक्षी राजनीतिक दलहरू संसद्को मर्यादा र गरिमाको सम्मान गर्दै तत्काल संसद्को हिउँदे अधिवेशन आह्वान गर्न सरकार समक्ष माग गर्दछौं,' मागपत्रमा भनिएको छ, 'सरकारले तत्काल हिउँदे अधिवेशन आह्वानको प्रक्रिया थालनी नगरे विशेष अधिवेशनको माग गर्ने जानकारी दिँदै स्वेच्छाचारी र जनविरोधी काम निरन्तर जारी राखेमा हामी कडा संघर्षमा उत्रिने चेतावनी समेत दिन चाहन्छौं ।'

अरु मागहरूमा सुशासनको अभियान रोकिएको, दल फुटाउने अध्यादेश ल्याउन खोजिएको, दुईदलीय निरंकुशता लाद्न खोजिएको जस्ता विषय राखिएको छ । मुख्य जोड अध्यादेशको शासन र संसद अधिवेशन छल्ने सरकारको नियतमै छ । गत २६ पुसमा मन्त्रिपरिषद बैठक राखेर अध्यादेश सिफारिस भएकै दिनबाट विपक्षी गठबन्धनको प्रयत्न हुनुले मुख्य मागबारे अलमल छैन ।

**उद्देश्य सरकार परिवर्तन**

उसो त प्रमुख प्रतिपक्षी दलका नेता प्रचण्डले सरकार ढले पनि सरकारमा जाने चाहना नभएको पुच्छे जवाफ आफैं दिने गरेका छन् । तर जनताका घरआँगनमा पुग्ने भनेर पार्टीको केन्द्रीय कमिटी बैठकबाटै निर्णय पनि गराएका छन् ।

प्रचण्डले लिइरहेको पहलकदमी भने सत्तामा पुग्ने लक्ष्य अन्तर्गत नै भइरहेको सजिलो अनुमान लगाउन सकिन्छ । नत्र सरकारलाई खबरदारी गर्नकै निम्ति त परस्पर विरोधी सिद्धान्त र नारा बोक्ने दलहरूबीच मोर्चाबन्दीको कुनै आवश्यकता नै पर्थेन ।

त्यसैले वर्तमान व्यवस्था उल्ट्याउने घोषित सिद्धान्त बोक्ने राप्रपादेखि संघीयता उल्ट्याउनुपर्ने सम्झौतारहित अडान राख्ने जनमोर्चा समेतलाई प्रचण्डले समेटेका छन् । सहकारी बचत रकम ठगी मुद्दा खेपिरहेका रवि लामिछानेको बचाउमा संघर्षरत रास्वपा विपक्षी मोर्चामै छ ।

राजनीतिक कार्यक्रमकै हिसाबले पनि रास्वपाले संघीयताको अपनत्व लिइरहेको छैन भने पुराना दलहरू रहेसम्म देश नबन्ने उसको निष्कर्ष छ । 'सैद्धान्तिक कार्यक्रमकै हिसाबले साततिर फर्किएका दलहरू भेला भएका छौं । तर यो बाध्यता हो', विपक्षी गठबन्धनका ती नेता भन्छन् । हुन पनि विपक्षीहरुबीच कुरा नमिल्ने भएकैले प्रचण्डले यसअघि भन्दै आएको संघीय लोकतान्त्रिक गणतन्त्रमाथि खतरामा रहेको भन्ने कुरा बोल्न/लेख्न समेत सक्ने अवस्था छैन ।

अर्थात् सरकारलाई अप्राकृतिक गठबन्धनको आरोप लगाएका प्रचण्डले पनि सत्ता ढाल्ने एकमात्र उद्देश्यको गठबन्धन सार्वजनिक गरेका छन् । यद्यपि उनको पहलकदमीबाट सरकारलाई दबाब पुग्ने चाहिँ देखिन्छ । किनभने अब विपक्षी कित्ताका ८० सांसद एकठाउँ एउटै मोर्चामा उभिन पुगेका छन् । माओवादीसँग ३२, रास्वपासँग २१, राप्रपासँग १४, एकीकृत समाजवादीसँग १० र अरु तीन दलसँग एक/एक सांसद छन् । नेताका अनुसार, विपक्षीहरू जुट्ने बातावरणले प्रचण्डको आवाज थप बलियो भएको छ । किनकि सबै विपक्षीले एकस्वरमा राख्ने कुरालाई सरकारले बेवास्ता गरिरहन गाह्रो पर्नेछ ।

# किन दिए ३५ स्थायी शिक्षकले सामूहिक राजीनामा ?

पोखरा, ४ माघ/ सुशासन, प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशले शिक्षकहरूलाई योगदानमा आधारित पेन्सन पाउने व्यवस्था गरेको विरोधमा कास्कीका ३५ जना स्थायी शिक्षकले सामूहिक राजीनामा दिएका छन् ।

अहिले अध्यादेश ल्याएर २०७५ सालदेखि लागू गर्न खोजिएको भन्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईकै गृह जिल्ला कास्कीका शिक्षकले सामूहिक राजीनामा दिएर सरकारविरुद्ध उभिएका हुन् । योगदानमा आधारित पेन्सन ऐन, २०७५ लाई अध्यादेश मार्फत् संशोधन गर्दै शिक्षकलाई समेत समावेश गर्दै २०७५ चैत ४ गतेयता स्थायी नियुक्त शिक्षकलाई पनि लागू हुने गरी व्यवस्था भएपछि त्यो खारेजी वा संशोधनको माग उठिरहेको छ ।

सरकारले पुराना ऐन अनुसार नियुक्त भएका शिक्षकलाई अहिले अध्यादेश ल्याएर अन्याय गरेको भन्दै शिक्षा विकास तथा समन्वय इकाई, कास्की जिल्लामार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई सामूहिक राजीनामा बुझाएको शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले बताए ।

पुस २९ गते प्रमाणीकरण भएको सरकारले जारी गरेको केही नेपाल ऐन संशोधन गर्ने अध्यादेशले शिक्षकहरूलाई पनि योगदानमा आधारित पेन्सन पाउने व्यवस्था गरेको थियो । यसअघि निजामती सेवासँगै नेपाली सैनिक सेवा, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल, नेपाल विशेष सेवामा कार्यरत समावेश रहेकोमा अध्यादेशमार्फत शिक्षक सेवालाई पनि थप गरिएको हो ।

निवृत्तिभरण कोष ऐन २०७५ संशोधन गरी २०७५/१२/४ पछि स्थायी नियुक्ति हुने शिक्षकहरूलाई योगदानमा आधारित निवृत्तिभरण कोषमा आवद्ध गराउने निर्णयले आफूहरूमाथि अन्याय हुने राजीनामा दिने शिक्षकहरूको भनाइ छ । यो व्यवस्थाले २०७५ चैत ४ पछि शिक्षा सेवा आयोगमार्फत् सिफारिस भएका शिक्षकलाई



पेन्सनबाट वञ्चित गराउने सामूहिक राजीनामा दिनेमध्येका कीर्तिराज ढकालको बुझाइ छ ।

'जहिले अध्यादेश ल्याएर कार्यान्वयन हुने हो, त्यतिबेलैदेखि लागु हुने गरी व्यवस्था गरिनुपर्थ्यो । तर, भूतप्रभावी कानुनको निर्माण गरी अध्यादेश जारी गरेको गर्दै सेवा प्रवेशको समय भएको व्यवस्थालाई उल्ट्याउने काम भएको छ,' २०७६ सालमा सेवा प्रवेश गरी अहिले भगवती मावि अन्नपूर्ण-९ तिखेढुंगामा कार्यरत शिक्षक कीर्तिराजले भने, 'कास्कीका ३५ जना शिक्षकको सामूहिक राजीनामा त सुरुवातमात्र हो । देशभरका ४० हजार शिक्षकले यसरी नै सरकारविरुद्ध आन्दोलन गर्न सक्छन् ।'

सेवा प्रवेश गर्ने बेलामै यही व्यवस्था भएको भए त्यो बेला नै यो पेशा रोज्ने कि नरोज्ने भनेर आफूहरूले निर्णय गर्ने तर सेवा प्रवेश गर्दा व्यवस्था उल्ट्याएर करिब ६ वर्ष खाइपाई आएको तलबबाट समेत हिसाब गरी निश्चित प्रतिशत निवृत्तिभरण कोषमा दाखिला गर्नुपर्ने अध्यादेश पक्षपाती भएको शिक्षक कीर्तिको भनाइ छ ।

योगदानमा आधारित निवृत्तिभरण कोषमा समावेश हुनेले कुल तलबबाट ६ प्रतिशत र राज्यका तर्फबाट ६ प्रतिशत दाखिला गर्नुपर्छ । अध्यादेशले २०७५ चैत ४ पछि शिक्षकलाई पनि यही कोषमा समावेश गरेपछि ६ प्रतिशतका दरले त्यतिबेलादेखि कै रकम दाखिला गर्नुपर्ने हुन्छ । यसरी हेर्दा धेरै शिक्षकलाई भार पर्ने राजीनामा दिनेहरूको भनाइ छ ।

'त्यो कोषमा जम्मा भएको रकमबाट निश्चित प्रतिशत आफ्नो निवृत्तिभरणमा पाउने हो, सेवा प्रवेश गर्ने बेलामा भनिएजस्तो पेन्सन पाउने होइन । यो व्यवस्था २०७५ सालमै भनिदिएको भए, यो पेशा रोज्ने कि नरोज्ने भन्ने निर्णय गर्ने थियौं,' शिक्षक कीर्तिराजले भने, 'यो अध्यादेशको प्रभाव अघिल्लो ऐनमा पर्‍यो । अहिले अध्यादेश ल्याएर २०७५ साल चैत ४ बाटै लागु गर्छु भन्नु आफैंमा न्यायसंगत र कानुनसंगत छैन ।'

एकैपटक त्यो रकम तिर्न सक्ने अवस्था पनि नरहेको र कतिपय २०७५ सालमा खुलेको आवेदनअनुसार २०७६ मा सिफारिस भए पनि पेन्सनबाट बञ्चित हुनुपर्ने अवस्था बनेको शिक्षक शर्मिला सापकोटा बरालको भनाइ छ । एकैपटक त्यो रकम तिर्न सक्ने अवस्था पनि नरहेको र कतिपय २०७५ सालमा खुलेको आवेदनअनुसार २०७६ मा सिफारिस भए पनि पेन्सनबाट बञ्चित हुनुपर्ने अवस्था बनेको शिक्षक शर्मिला सापकोटा बरालको भनाइ छ । यो अध्यादेशले गरेको व्यवस्था २०८० असोजमा शिक्षकहरुले गरेको राजधानी केन्द्रित आन्दोलन र सरकारले गरेको सम्झौता विपरीत रहेको पनि शर्मिलाले बताइन् ।

सरकार संघीय शिक्षा ऐन जारी गरी शैक्षिक, पेसागत माग र मुद्दाहरूलाई सम्बोधन गर्नुको साटो अध्यादेशमार्फत अघि बढ्न खोजेको उनको आरोप छ । 'शिक्षक महासंघको आन्दोलनपछि सरकारले गरेको सम्झौतामा ८० सालअघि स्थायी भएका शिक्षकको हकमा योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था लागु नहुने भनिएको छ,' पोखरा-११ फूलबारीको शिवशक्ति माविमा कार्यरत शर्मिलाले भनिन्, 'पछिल्लो कानुनले अघिल्लो कानुनलाई काट्नु कति जायज होला, सायद संसारमै यस्तो हुँदैन ।'

(स्रोत: अनलाइनखबर)

# विश्ववकप प्रिभ्यू : बंगलादेशसँग बदला लिने दाउमा नेपाल

काठमाडौं, ४ माघ/ आईसीसी यू-१९ महिला टी-२० विश्ववकप २०२५ को दोस्रो संस्करण शनिबारदेखि मलेसियामा सुरू हुँदै छ । नेपालको महिला टोली पनि यस विश्ववकपमा पहिलोपटक सहभागी हुँदैछ । चार समूहमा विभाजित १६ टोली सम्मिलित यस विश्ववकपमा नेपाल समूह डी मा अस्ट्रेलिया, बंगलादेश र स्कटल्याण्डसँगै छ । पहिलो खेलमा नेपालले शनिबार नै बंगलादेशसँग खेल्दै छ ।

मलेसियाको बाङ्गीस्थित यूकेएम क्रिकेट ओभलमा शनिबार दिउँसो नेपाली समयअनुसार सवा १२ बजेदेखि खेल सुरू हुनेछ । नेपालको कप्तानमा पुजा महतो तथा बंगलादेशको कप्तानमा सुमैया अक्तर छन् । नेपालले बंगलादेशसँग गत डिसेम्बरमा मलेसियामै भएको यू-१९ एसिया कपमा खेलेको थियो । उक्त खेलमा नेपाल पराजित भएको थियो ।

ऐतिहासिक विश्ववकप खेल्न लागेको नेपाली टोलीले एसिया कपमा व्यहोरेको हारको बदला लिँदै जितका साथ विश्ववकप यात्रा सुरूवात गर्न चाहनेछ । यसले नेपालको सुपर सिक्स सम्भावना पनि बलियो बनाउने छ । समूहबाट शीर्ष तीन टोली सुपर सिक्समा पुग्ने भएकाले नेपाललाई एक जितले मात्र पनि सुपर सिक्समा पुर्‍याउन सक्छ । बंगलादेशविरूद्ध जित निकाल्न सके नेपालको सुपर सिक्स सम्भावना बलियो बन्ने छ ।

विश्ववकप खेलन मलेसिया प्रस्थान गर्नुअघि नेपालकी कप्तान पुजा महतोले बंगलादेशसँग एसिया कपमा व्यहोरेको हारको बदला लिने बताएकी थिइन् । 'हामी एसिया कपमा हारेको बदला लिन चाहन्छौं, अनि मिडियामा भन्नु छ कि जित मीठो होला तर बदला अझै स्वादिष्ट हुन्छ।'

एसिया कपमा भएको खेलमा वर्षा बाधक बन्दा ११ ओभरमा छोट्याइएको खेलमा नेपालले बंगलादेशलाई ५५ रनको लक्ष्य दिएको थियो । बंगलादेशले उक्त लक्ष्य १ विकेटको क्षतिमा पूरा गर्दै ९ विकेटको जित निकालेको थियो ।

एसिया कपमा पाकिस्तानलाई हराएको नेपाल भारतसँगको खेल वर्षाले नतिजाविहीन भएको थियो । सुपर सिक्सको खेलमा श्रीलंकासँगको खेल वर्षाले रद्द हुँदा बंगलादेशसँग पराजित भएको थियो । बंगलादेश उक्त प्रतियोगिताको फाइनलसम्म पुगेर भारतसँग पराजित भएको टोली हो । बंगलादेशलाई हराउन त्यति सहज भने हुने छैन ।

शनिबार बाङ्गीको मौसमी अवस्था भने राम्रो देखिएको छैन । मौसम पुर्वानुमान अनुसार बाङ्गीमा दिनभरजसो बादल लाग्ने अर्थात् ओभरकास्ट कन्डिशन हुने देखिएको छ । त्यस्तै दिउँसो नेपालको खेल हुने समयमा वर्षाको सम्भावना पनि देखिएको छ ।

यहाँको पिचमा यू-१९ महिलाका खेलहरू पहिले भएका छैनन् । तर यो पिचमा प्रशस्त रन बन्ने गरेको छ । नेपालको सिनियर महिला टोलीले माल्दिभ्सविरूद्ध २२७ रन बनाएको थियो । यद्यपी भोलिको मौसम ओभरकास्ट देखिएकाले बलरहरूलाई मद्दत पुग्न सक्छ ।

यस खेलमा टस जित्ने खेलाडीले बलिङ रोज्दा फाइदा हुनेछ । ओभरकास्ट कन्डिशनमा पहिले ब्याटिङ गर्न केही गाह्रो हुन्छ । त्यसकारण बलरहरू हावी बन्न सक्छन् । नेपाल : नेपालबाट कप्तान पुजा महतो, उपकप्तान सोनी पाखिन र बलर रचना कुमारी चौधरी प्लेयर्स टु वाचका रूपमा रहनेछन् ।

पुजाले ब्याटिङ र बलिङ दुवैमा महत्वपूर्ण योगदान दिन सक्छिन् । त्यस्तै सोनी पाखिनले मिडल अर्डरमा स्ट्राइक रोटेट गर्दै खेल चलाउन सक्षम छिन् भने रचना कुमारी चौधरीको बाँयाहाते स्पीन बलिङमा विपक्षीलाई दबाब दिन सक्छ । विश्ववकप एसिया छनोटमा पुजाले सर्वाधिक रन बनाउँदा रचनाले सर्वाधिक विकेट लिएकी थिइन् ।

बंगलादेश : बंगलादेशबाट कप्तान सुमैया अक्तर, फाहोमिदा चोया र निशिदा अख्तर प्लेयर्स टु वाचका रूपमा रहनेछन् । सुमैयाले सिनियर टिमबाट खेलिसकेको अनुभव छ भने फाहोमिदाले ब्याटिङमा लिड गर्न सक्छिन् । त्यस्तै निशिदा अक्तर यू-१९ एसिया कपमा बंगलादेशका लागि सर्वाधिक विकेट लिने खेलाडी समेत रहेकी थिइन् ।

(स्रोत: अनलाइनखबर)

## सार्वजनिक सेवा लिंदा ध्यान दिऊँ

☞ सेवाग्राहीले आफूले लिन चाहेको सेवाको वारेमा जानकारी राखौं,

☞ सेवा प्राप्त गर्दा आवश्यक पर्ने कागजात यकीन गरौं,

☞ आफुले प्रदान गर्ने सेवाका सम्बन्धमा सेवा प्रदान गर्ने निकायले राखेको नागरिक वडापत्रमा उल्लेखित विषयमा ध्यान दिऊँ,

☞ सेवा लिन जाँदा कर्मचारीहरूसँग विनम्र व्यवहार गरौं,

☞ कर्मचारीहरूलाई कुनै अनुचित प्रलोभन नदेखाऔं,

☞ कर्मचारीले काममा ढिलासुस्ति गरी कुनै माग वा शर्त राखे तत्काल कार्यालय प्रमुख वा सम्बन्धित निकायमा जानकारी गराऔं,

☞ सेवा प्रवाहसम्बन्धी केही गुनासो भए गुनासो पेटीका वा गुनासो सुन्ने अधिकारी समक्ष राखा सचेत र सभ्य नागरिक को भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना